# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## केराबारी, मोरङ्ग
## कोशी प्रदेश, नेपाल

## ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ७ दिने सूचना

**तेश्रो पटक प्रकाशित मितिः २०७९/१२/१६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ 'क' को उपदफा (१) तथा सोहि ऐनको दफा ११ को उपदफा २ को खण्ड 'घ' को (६) बमोजिम केराबारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा र भरौटको उत्खनन् संकलन तथा विक्री मूल्य असुली गर्न तपशिल बमोजिमको खोलाहरुबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले ईजाजत प्राप्त फर्म वा कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तोकिएको शर्तको अधिनमा रही बिधुतिय बोलपत्र आह्वान गरिएको छ ।

### तपसिल

| सि. नं. | ठेक्का नं. | विवरण | उत्खनन/विक्री योग्य परिमाण | न्युनतम ठेक्का अंक रु (भ्याट सहित) | बोलपत्र मुल्य (रु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५/राजश्व | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये खदम, भलुवालोहन्द्रा, बुढी खोला र मुगु खोला अन्तर्गत IEE प्रतिवेदनका आधारमा ढुङ्गा, गिटी/मिक्स गिटी, वालुवा र भरौट उत्खनन् संकलन तथा विक्री मुल्य असुली । | ४,९०,३९० घ.मि. | रु. ११,७४,३३,४९८।०० (एघार करोड चौहत्तर लाख तेत्तिस हजार चार सय अन्ठानब्बे मात्र) | रु. १०,०००।०० | E-biding |

■ नदीजन्य पदार्थ (ढुङ्गा, गिटी/मिक्स गिटी, बालुवा आदि) को दर प्रति क्यु. फिट (भ्याट बाहेक) रु. ६।००

विस्तृत सूचना तथा शर्तका लागि केराबारी गाउँपालिकाको आधिकारिक वेबसाइट www.kerabarimun.gov.np / http://bolpatra.gov.np/egp मा हेर्नुहोला ।

**केराबारी गाउँपालिका**

# शर्तहरु

१. E-bidding बोलपत्र फारम खरीद गर्न केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको राजश्व कोष खाता नं ०५६२०५६५०१४२३००२ मा जम्मा गरी सो को भौचर स्क्यान गरी पेश गर्नुपर्नेछ । साथै बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको अंकको ५ प्रतिशत रकम बोलपत्र जमानत वापत केराबारी गाउँपालिकाको एन.आइ.सि एसिया बैंकमा रहेको खाता नम्वर ०५६२०५६५०१४२३००८ मा जम्मा गरि उक्त भौचर वा मान्यता प्राप्त "क" वर्गको वैकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १५० दिन अवधी भएको बिडवन्ड पेश गर्नु पर्ने छ साथै ५ प्रतिशत बोलपत्र जमानतको रकम भ्याट सहितको कुल रकमको हुनुपर्नेछ तथा PPMO को वेभासाईट http://bolpatra.gov.np/egp मार्फत सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बोलपत्र फारम https://bolpatra.gov.np/egp बाट डाउनलोड गर्न सकिने छ ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन दिनको १२:०० बजेसम्म अनिवार्य online बोलपत्र दर्ता गराउनुपर्नेछ।

३. बोलपत्र दर्ता हुने अन्तिम दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्रदाताले http://bolpatra.gov.np/egp मा आवशयक कागजात सहित कबोल रकम एकमुष्ट मु.अ.कर वाहेक प्रविष्ट गर्नुपर्नेछ ।उक्त सिस्टमले मु.अ.कर स्वतः गणना गरी मु.अ.कर सहितको कुल कबोल अंक देखाउनेछ ।

५. बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र दाखिला र बोलपत्र खोलिनेछ।

६. बोलपत्र स्वीकृति पश्चात पत्र बुझेको १५(पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापत राखेको ५ प्रतिशत रकम जफत गरी नियमानुसार प्रकृया अगाडी बढाइने छ ।

७. छनौट भएको बोलपत्रदाताले कबोल गरेको भ्याट सहितको एकमुस्ट रकम यस कार्यालयको एन आईसी एसिया वैंक खाता नं०५६२०५६५०१४२३००२ मा जम्मा गरी सो को सक्कल भौचर सहित सम्झौता गर्न आउनु पर्नेछ । साथै एकमुष्ट रकम जम्मा गरे वापत कबोल गरेको मु.अ.कर वाहेकको रकमको १० प्रतिशत छुट दिइने छ ।

८. एकमुष्ट रकम जम्मा गर्न नसकिने भएमा कबोल गरेको भ्याट सहितको रकमको ५० प्रतिशत रकम गाउँपालिकाको नाममा रहेको सम्बन्धित खातामा जम्मा गरेको सक्कल भौचर र बाकी ५० प्रतिशत रकमको हकमा सो रकम बराबरको बैंक जमानत सहित सम्झौता गर्न आउनुपर्नेछ ।(बैंक जमानत सम्झौता अन्त्य हुने मितिवाट थप ६० दिनको पेश गर्नुपर्नेछ ) ।

९. बाँकी रहेको ( कबोल गरेको भ्याट सहितको रकमको ५० प्रतिशत ) रकम कार्यदेश पाएको मितिले ३० दिन भित्रमा गाउँपालिकाको नाममा रहेको सम्बन्धित खातामा जम्मा गर्नुपर्नेछ । अन्यथा नियमानुसार बैंक जमानत जफत गर्नका लागि प्रकृया अगाडी बढाइनेछ ।

१०. ठेक्काको अवधि सम्झौता मिति देखि २०८० जेष्ठ मसान्त सम्मको लागिमात्र हुनेछ । यदि तोकिएको अवधि भन्दा पहिले तोकिएको परिमाण उत्खनन् भएको खण्डमा थप उत्खनन् गर्न रोक लगाइनेछ ।

११. ठेक्का सम्झौता भईसकेपछि कुनै बन्द, हडताल वा कुनै मानव सिर्जित कारणवाट हुने अवरोध भएको भनि छुट माग गर्न पाइने छैन र सोही कारणवाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफि दिइने छैन ।

१२. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री शुल्क प्रदेश सरकारले तोके बमोजिमको दरले संकलन गर्नुपर्नेछ ।

१३. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा वढी असुल गरेमा नियम अनुसार कारवाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१४. बोलपत्रदाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ ।

१५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ ।

१६. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

१७. नदी वा खोलाहरुमा उत्खनन् तथा संकलन गर्दा हेब्भि इक्युपमेन्ट प्रयोग सम्बन्धि व्यवस्था IEE प्रतिवेदन बमोजिम हुनेछ ।

१८. नदीजन्य पदार्थ उत्खनन् संकलन गर्दा प्राकृतिक धारा किनारा घाट, कुल कुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी IEE ले तोके बमोजिम मात्र ढुङ्गा, गिटी, बालुवा र भरौट उठाउन पाउनेछ ।

१९. नदीजन्य पदार्थ उत्खनन् गर्दा नदीनालाको पुल तथा सडकको दायाँबाँया उत्खननको हकमा IEE प्रतिवेदन बमोजिम हुनेछ ।

२०. प्रारम्भिक वातावरणिय प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही नदीजन्य पदार्थ उत्खनन् संकलन गर्नुपर्नेछ साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणिय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२१. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी पेश भएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

२२. ठेक्का तयारी तथा यससंग लाग्ने सम्पुर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२३.बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२५. ठक्का तथा विड डकुमेन्ट सम्बन्धि अन्य जानकारी को लागि बोलपत्रदाताले http://bolpatra.gov.np/egp मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

२६. यस सूचनामा भएका विषय यसै सूचना बमोजिम तथा उल्लेख नभएका विषयहरु केराबारी गाउँपालिकाको नदीजन्य पदार्थहरु उत्खनन् संकलन तथा बिक्री मुल्य अशुली सम्बन्धि ठेक्का व्यवस्थापन कार्यविधि, २०७८ (प्रथम संशोधन ) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछन ।

**केराबारी गाउँपालिका**

# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी गाउँपालिका क्षेत्रभित्र आ.ब. २०७९।८० मा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७९ बमोजिमको अधिनमा रहि प्रचलित प्रदेश कानून बमोजिमको दरमा नदिजन्य पदार्थहरुको उत्खन्न, संकलन तथा विक्री मुल्य असुली सम्बन्धी ठेक्का व्यवस्थापन भएका खोलाहरुको नाकाहरु तथा परिमाण

| सि.न. | खोलाको नाम/नाका | लम्बाई (मि) | चौडाई (मि) | उचाई (मि) | जम्मा परिमाण (घ.मि.) |
|---|---|---|---|---|---|
| १ | बुढी खोला | ३९६ | ३०.०० | १.०० | ११,८८०।- |
| २ | मुगु खोला -१ | ११३० | ४०.०० | १.०० | ४५,२००।- |
| ३.१ | खदम खोला -१ | ७०० | ९०.०० | १.०० | ६३,०००।- |
| ३.२ | खदम खोला -२ | ७०० | ९०.०० | १.०० | ६३,०००।- |
| ३.३ | खदम खोला -३ | ७०० | ९०.०० | १.०० | ६३,०००।- |
| ३.४ | खदम खोला -४ | ७०० | ९०.०० | १.०० | ६३,०००।- |
| ३.५ | खदम खोला -५ | ३७५ | ९०.०० | १.०० | ३३,७५०।- |
| ४.१ | भलुवा लोहन्द्रा खोला -१ | १५४ | ४०.०० | १.०० | ६,१६०।- |
| ४.२ | भलुवा लोहन्द्रा खोला -२ | २१०० | ४०.०० | १.०० | ८४,०००।- |
| ४.३ | भलुवा लोहन्द्रा खोला -३ | १४३५ | ४०.०० | १.०० | ५७,४००।- |
| **जम्मा परिमाण** | | | | | **४,९०,३९०।-** |
| उत्खनन् परिणाम | | ४,९०,३९०।- | | घन मिटर | |
| सुत्र | | ३५.३२ | | दर | |
| उत्खनन् परिणाम जम्मा | | १,७३,२०,५७४.८०।- | | क्युविक फिट | |